अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु, गंगादत्त भट्ट, मोहन देव भट्ट, लाल बहादुर ओखेडा, हर्क नारायण जोशी, विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्ट मु.नं (०७८-CR-००८३) फैसला मिति २०८१/०१/२४	सरकारी सार्वजनिक सम्पत्तिको गैरकानूनी रुपमा दर्ता भोग चलन।	**आयोगको माग दावी** • **महेन्द्रनगर विकास समितिका तत्कालिन अध्यक्ष प्रतिवादी कान्तुराम पनेरुको हकमाः** यी प्रतिवादीले एकल तोक आदेशको भरमा सरकारी जग्गा वितरण गरेको तथ्य पुष्टि भएकोले निज प्रतावादी कान्तुराम पनेरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा बिगो रु.२९,७४,३६०।- कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन तथा ऐ.ऐनको दफा २४ ले परिभाषित गरेबमोजिमको कसुरमा सोही ऐनको दफा २४ बमोजिम थप सजाय समेतको सजाय हुन, • **महेन्द्रनगर विकास समितिका तत्कालिन सदस्य सचिव प्रतिवादी चन्द्र प्रसाद चौधरी, नायव सुब्बा पुष्पराज भट्ट, र मालपोत कार्यालय कञ्चनपुरका तत्कालिन मालपोत अधिकृत विशन सिंह थापालाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा बिगो रु.२९,७४,३६०।- कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन, • **नगर विकास समितिका प्रथम तहमा जग्गा प्राप्तकर्ता प्रतिवादीहरु मोहन देब भट्ट, हिरासिंह बिष्ट, लक्ष्मणदत्त जोशी, दुर्गा प्रसाद पनेरु,हर्क नारायण जोशी, गंगादत्त भट्ट, लाल बहादुर ओखेडालाई क्रमशः** बिगो रु.३,०४,८३७।५०, रु.३,९५,४३७।५०, रु.३,८६,१८७।५०, रु.३,१७,४६०।-, रु.२,५१,२६०।-, रु.३,६२,१००।- र रु.३,९५,४३७।५० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन साथै प्रतिवादीहरु हिरासिंह बिष्ट, लक्ष्मणदत्त जोशी र हर्क नारायण जोशीले प्राप्त गरेका क्रमशः भीमदत्त न.पा.वडा नं. १८ का कि.नं. ३६७७, ३६७८, ३६३७ का जग्गा निज प्रतिवादीहरुकै स्वमित्वमा देखिएकोले उक्त जग्गाहरु सोही ऐनको दफा ८(१) र दफा ४७ बमोजिम जफत गरी महेन्द्रनगर नगर विकास समितिकै नाममा कायम हुन, • **दानसिंह कार्कीले** प्राप्त गरेको भीमदत्त नगरपालिका वडा	**फैसलाः** प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** • **कसुर ठहर भएका प्रतिवादीहरु कान्तुराम पनेरु,चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्टको हकमाः-** प्रस्तुत वारदातको सम्बन्धमा मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी कान्तुराम पनेरुले महेन्द्रनगर विकास समितिको नाममा रहेको जग्गा सो समितिका कर्मचारीहरुलाई वितरण गर्ने सम्बन्धमा समितिबाट कुनै आधिकारिक निर्णय नभएको अवस्थामा नगर विकास समितिको अध्यक्षको हैसियतमा टिप्पणी सदर गर्ने भुमिकामा रहेको देखिन्छ भने सो समितिको नायव सुब्बा पुष्पराज भट्टले टिप्पणी उठाएको र सदस्य सचिव (इन्जिनियर) चन्द्र प्रसाद चौधरीले राय सहित पेश गरेको देखिई महेन्द्रनगर विकास समितिको स्वामित्वमा रहेका विवादित जग्गाहरु गैरकानुनीरुपमा व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गर्ने कार्यमा संलग्नता रहेको देखिन आएकोले निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको देखिंदा सोही ऐनको दफा ८(१) बमोजिम जनही एक वर्ष छ महिना कैद र बिगो रु. २९,७४,३६०।- को दामासाहीले हुन आउने रु ९,९१,४५३।३३ (नौ लाख एकानब्बे हजार चार सय त्रिपन्न रुपैयाँ तेत्तिस पैसा) जरिवाना हुने र प्रतिवादी कान्तुराम पनेरुलाई सोही ऐनको दफा २४ बमोजिम थप छ महिना कैद हुने ठहर्छ।साथै आरोप दावीमा उल्लिखित	• **प्रतिवादीहरु तत्कालीन महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरु ईन्जिनियर मोहन देव भट्ट, लेखापाल हिरा सिंह विष्ट, खरिदार दान सिंह कार्की, खरिदार लक्ष्मण दत्त जोशी, अमिन दुर्गा प्रसाद पनेरु, सुपरभाईजर गंगादत्त भट्ट, कम्प्यूटर अपरेटर लाल बहादुर ओखेडा र कार्यालय सहयोगी हर्क नारायण जोशीको हकमाः** नगर विकास ऐन, २०४५ को दफा ५, दफा ६, दफा ८, दफा ९, दफा १०, दफा ११, दफा १२ दफा १२क, दफा १२ख ले समितिको जग्गा प्राप्ती, जग्गा विकास तथा विक्रि वितरण समेतका सम्बन्धमा रहेको कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी तथा नगर विकास निर्देशिका, २०६१ को दफा ५ ले व्यवस्था गरेको जग्गा व्यवस्थापन सम्बन्धी प्रकृया अन्तर्गत न्युन आय वर्ग तथा विशेष वञ्चित समुह पहिचान गर्ने आधारहरु, विकसित घडेरीको न्युनतम मुल्य निर्धारण गर्ने तरिका, विकसित घडेरी तथा जग्गा वितरण गर्दा अपनाउनु पर्ने प्रणाली (बोलपत्र, चिठ्ठा, विशेष निर्णय अन्तर्गत विकसित घडेरी तथा जग्गाको व्यवस्था) जग्गाको मुल्य चुक्ता गर्ने सम्बन्धी व्यवस्था, न्यून आय वर्ग र विशेष वञ्चित समुहलाई शर्त सहित जग्गा उपलब्ध गराउनु पर्ने सम्बन्धी कुनै प्रक्रिया अवलम्वन नै नगरी जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई समितिको मिति २०६४।०७।३० को निर्णयमा "*नगर विकास समितिका कर्मचारीहरुले घडेरी जग्गा माग गरेको सम्बन्धमा छलफल हुँदा समितिले जग्गा वितरण गरेको बखतमा प्राथमिकता दिने भनी*" उल्लेख भएको विषयलाई आधार बनाई तत्कालीन अध्यक्ष कान्तुराम पनेरुद्वारा टिप्पणी सदर गराई सोको आधारमा जग्गाको तिर्नुपर्ने न्यूनतम मूल्यसमेत नबुझाई समितिको स्वामित्वमा रहेका जग्गाहरु आफ्नो नाममा दर्ता स्रेस्ता कायम गरी गराई आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी आफूलाई व्यक्तिगत लाभ हुने गरी नेपाल सरकारलाई हानि नोक्सानी गर्ने कार्यमा प्रत्यक्ष संलग्न भई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि हुँदा हुँदै मिसिल संलग्न तथ्य प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई दिने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण रहि बदरभागी रहेको छ। • **प्रतिवादीहरु मालपोत कार्यालय कञ्चनपुरका तत्कालिन प्रमुख मालपोत अधिकृत विशन सिंह थापा, शाखा अधिकृत दलजित भट्ट, जय बहादुर विष्ट र नायव सुब्बा नमराज भट्टको हकमाः** नगर विकास ऐन, २०४५ को दफा ४ मा नगर विकास समितिको गठन सम्बन्धी व्यवस्था रहेको र सोही ऐनको दफा ४.२ ले उक्त मालपोत कार्यालयका प्रतिनिधि नगर विकास समितिमा पदेन सदस्य रहने व्यवस्था भएकोमा आफू समेत संलग्न भै निर्णय गर्नुपर्ने विषयलाई अनदेखा गरी नियम सम्मत निर्णय भए नभएको सम्बन्धमा यकिन नगरी नगर विकास समितिका अध्यक्ष कान्तुराम पनेरुले समितिको जग्गा वितरण गर्दा नगर विकास ऐन, २०४५ को दफा ५, दफा ६, दफा ८, दफा ९, दफा १०, दफा ११, दफा १२ दफा १२क, दफा १२ख ले समितिको जग्गा प्राप्ती, जग्गा विकास तथा विक्रि वितरण समेतका सम्बन्धमा गरेको कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी तथा नगर विकास निर्देशिका, २०६१ को दफा ५ ले व्यवस्था गरेको जग्गा व्यवस्थापन सम्बन्धी प्रकृया अन्तर्गत न्युन आय वर्ग तथा विशेष वञ्चित समुह पहिचान गर्ने आधारहरु, विकसित घडेरीको न्युनतम मुल्य निर्धारण गर्ने तरिका, विकसित घडेरी तथा जग्गा वितरण गर्दा अपनाउनु पर्ने प्रणालि (बोलपत्र, चिठ्ठा, विशेष निर्णय अन्तर्गत विकसित घडेरी तथा जग्गाको व्यवस्था) जग्गाको मुल्य चुक्ता गर्ने सम्बन्धी व्यवस्था, न्युन आय वर्ग र विशेष वञ्चित समुहलाई शर्त सहित जग्गा उपलब्ध गराउनु पर्ने सम्बन्धी कुनै प्रकुया अवलम्वन नै नगरी जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल एकल तोकआदेशको आधारमा समितिको जग्गा कर्मचारीको नाममा दर्ता स्रेस्ता कायम गर्ने भनी मिति २०६४।०७।३० मा तत्कालीन महेन्द्रनगर नगर विकास समितिको बैठकको निर्णय नं. ८ मा

			नं.१८ कि.नं. ३८५१ को जग्गा निजको मृत्यु भएको र उक्त जग्गा बेचबिखन समेत भएको हुँदा निजको हक खाने अंसियारबाट उक्त जग्गाको मूल्य बिगो रु.२९,७४,२६०।— सोही ऐनको दफा ८(१) बमोजिम असुल उपर हुन, • **मालपोत कार्यालय कञ्चनपुरका शाखा अधिकृतहरु प्रतिवादी दलजित भट्ट, जय बहादुर विष्ट र नायव सुब्वा नमराज भट्टलाई** क्रमशः बिगो रु.२६,६३,९८०।-, रु.३,१०,३८०।-, रु.२९,७४,३६०।— कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूरको मतियारको खेलेको देखिंदा सोही ऐनको दफा २२ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय हुन र • **विभिन्न व्यक्तिहरुले प्रथम तहमा जग्गा प्राप्त गरी विभिन्न मितिमा सुक्रीविक्री भइ हाल कायम हुन आएका जग्गाधनी प्रतिवादीहरु कमला भट्ट, बिन्दु कुमारी जोशी, जयन्द्र राज पाण्डे, जयराज पन्त, दिपा कुमारी भट्ट, सरस्वती देवी गुरु, तारा देवी नाथ र राधा देवी पन्त** समेतले खरिद गरेका साविक महेन्द्रनगर नगरपालिका हालको भीमदत्त नगरपालिका वडा नं. १८ कि.नं.३६७६, ३६८०,७८५९,७८६०, ४७९२, ४७९३,८२२१, ८२२२ र वडा नं. ४ कि.नं.१५६७ जग्गाहरु जफत गरी श्रेस्ता बदर गरी उक्त जग्गाहरु महेन्द्रनगर नगर विकास समिति हाल कायम भीमदत्त नगर विकास समितिको नाममा श्रेस्ता कायम गरि पाउन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ। **अदालतको फैसला** • **कसुर ठहर भएका प्रतिवादीहरु कान्तुराम पनेरु,चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्टको हकमाः-** प्रस्तुत वारदातको सम्बन्धमा मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी कान्तुराम पनेरुले महेन्द्रनगर विकास समितिको नाममा रहेको जग्गा सो समितिका कर्मचारीहरुलाई वितरण गर्ने सम्बन्धमा समितिबाट कुनै आधिकारिक निर्णय नभएको अवस्थामा नगर विकास समितिको अध्यक्षको हैसियतमा टिप्पणी सदर गर्ने भुमिकामा रहेको देखिन्छ भने सो समितिको नायव सुब्बा पुष्पराज भट्टले टिप्पणी उठाएको र सदस्य सचिव (इन्जिनियर) चन्द्र प्रसाद चौधरीले राय	विभिन्न प्रतिवादीहरुको नाममा रहेका कि.नं.र सोबाट परिवर्तन भएका कित्ता जग्गाहरु समेत जफत भई महेन्द्रनगर नगर विकास समितिको नाउँमा कायम हुने ठहर्छ। • **सफाई पाउने ठहर भएका अन्य प्रतिवादीहरुको हकमाः-** • **प्रतिवादीहरु मोहन देव भट्ट,हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु,गंगादत्त भट्ट, लाल बहादुर ओखेडा र हर्क नारायण जोशीको हकमा विचार गर्दा,** यि प्रतिवादीहरु महेन्द्रनगर विकास समितको तत्काल कर्मचारी भई सो समितिको जग्गा प्राप्त गर्ने व्यक्ति भएको देखिन्छ। यि प्रतिवादीहरुले उक्त समितिको नाममा रहेको विवादित जग्गाहरु वितरण गर्ने निर्णय प्रक्रियामा कुनै भूमिका भएको देखिदैन। प्रत्यक्ष संलग्नता देखिन नआएको यि प्रतिवादीहरुको निवेदन माग बमोजिम जग्गा वितरण गर्न मिल्ने/नमिल्ने सम्बन्धमा विचार गर्नुपर्ने दायित्व सम्बन्धित निर्णयकर्ताको हुँदा यी प्रतिवादीहरु मोहन देव भट्ट,हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु,गंगादत्त भट्ट, लाल बहादुर ओखेडा र हर्क नारायण जोशीले आरोपित कसुर गरेको पुष्टि नआएकोले सफाई पाउने ठहर्छ। • **प्रतिवादीहरु विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्टको हकमा विचार गर्दा,** महेन्द्रनगर विकास समितिले भुमिसुधार तथा मालपोत कार्यालय कञ्चनपुरलाई पत्र पठाएको र सो निर्णय तथा पत्रको बमोजिम जग्गा दर्ता स्रेस्ता खडा गर्नको लागी टिप्पणी उठाउने, पेस गर्ने र सदर गर्ने कार्य यी प्रतिवादीहरुबाट भएको देखियो। यसरी	"महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरुले घडेरी जग्गा माग गरेको सम्बन्धमा छलफल हुँदा यस समितिले घडेरी जग्गा वितरण गरेका बखत कर्मचारीको मागलाई मध्यनजर गरी सहानुभूतिपूर्वक प्राथमिकता दिने निर्णय गरियो" भन्ने नगर विकास समितिको निर्णय उल्लेख गरेको पत्रको आधारमा उक्त निर्णयको बैधानिकता र निर्णयको आसय नै नबुझी अध्यक्षको एकल तोकआदेश तथा सदर टिप्पणीको आधारमा जग्गाको स्वामित्व हस्तान्तरण गरिदिन हुन भनी समितिबाट भएको पत्राचारलाई आधार मानी समितिका अध्यक्ष तथा कर्मचारीहरुसँग मिलेमतो गरी समितिका कर्मचारीका नाममा जग्गा धनी दर्ता श्रेस्ता प्रमाण पूर्जा कायम गरिदिने भूमिसुधार तथा मालपोत कार्यालय, कञ्चनपुरकमा कार्यरत कर्मचारीहरुमध्ये कार्यालय प्रमुखको भूमिकामा रहेका निज प्रतिवादीहरु विशन सिंह थापा महेन्द्रनगर नगर विकास समितिमा आफूसमेत सदस्य रहने कानुनी व्यवस्था रहेकोमा आफु नगर विकास समितिको बैठकमा उपस्थित नभई भएको निर्णय समेतलाई अनदेखा गरी नगर बिकास समितिको नाममा रहेका जग्गाहरु व्यक्तिहरुको नाममा कायम गर्ने गरी अन्तिम निर्णय गर्ने कार्यमा संलग्न रहेको र उक्त कार्यमा तत्कालिन मालपोत कार्यालका कार्यालय शाखा अधिकृत दलजित भट्ट,जय बहादुर विष्ट र खरिदार नमराज विष्टले मतियारको भूमिका खेलि भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ। • अतः अतः माथि विवेचित आधार कारण र मिसिल संलग्न तथ्य तथा सवुद प्रमाणहरुबाट महेन्द्र नगर विकास समितिको स्वामित्वमा रहेका साविक महेन्द्रनगर नगरपालिका वडा नं.१८ अन्तर्गतको कित्ता नं.३६७६, ३६८०, ७८५९, ७८६०, ४७९२, ४७९३, ८२२१, ८२२२ र वडा नं.४ को कि.नं. १५७६ गरी जम्मा ९(नौ) कित्ता जग्गाहरुको तत्कालिन न्यूनतम मूल्य अनुसार रु.२९,७४,३६०।— बराबरको जग्गा व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गर्दा अपनाउनु पर्ने विधि र प्रक्रिया विपरीत व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गरी गराई सरकारी जग्गा व्यक्ती विशेषको नाममा दर्ता गरी गराई हानी नोक्सानी गरे गराएको देखिएको र सो तथ्य प्रतिवादीहरुले गरेको तोक आदेश, निवेदन ब्यहोरा, निर्णय माईन्युट, मालपोत र नापी कार्यालयका पत्रहरु समेतका Overt Act पुष्टि हुने प्रमाणहरुबाट पुष्टि भईरहेको र सोही कार्यमा संलग्न तत्कालीन महेन्द्रनगर नगर विकास समितिका पदाधिकारीहरु र समितिमा कार्यरत कर्मचारीहरु उपरको आरोप दावी बमोजिमको कसूर ठहर गरी फैसला भएकोमा सो जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्यमा संलग्न Similar Intention भएका मालपोत कार्यालयका कर्मचारी प्रतिवादीहरु **विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्ट र महेन्द्र नगर विकास समितिका जग्गा प्रासकर्ता कर्मचारीहरु मोहन देव भट्ट, हिरा सिंह विष्ट, दान सिंह कार्की, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु, गंगादत्त भट्ट, लाल बहादुर ओखेडा र हर्क नारायण जोशी** समेतको संलग्नता पुष्टि भई रहेको अवस्थामा If Similar Intention is probted all are liable for their individual offence भन्ने न्यायिक मान्यताको आधारमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला **सो हद सम्म** त्रुटीपूर्ण भएकोले उक्त फैसला बदर गरी यी प्रत्यर्थी/प्रतिवादीहरुलाई समेत आरोप-पत्र मागदावीको कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ ।

			सहित पेश गरेको देखिई महेन्द्रनगर विकास समितिको स्वामित्वमा रहेका विवादित जग्गाहरु गैरकानुनीरुपमा व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गर्ने कार्यमा संलग्नता रहेको देखिन आएकोले निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको देखिंदा सोही ऐनको दफा ८(१) बमोजिम जनही एक वर्ष छ महिना कैद र बिगो रु. २९,७४,३६०।- को दामासाहीले हुन आउने रु ९,९१,४५३।३३ (नौ लाख एकानब्बे हजार चार सय त्रिपन्न रुपैयाँ तेत्तिस पैसा) जरिवाना हुने र प्रतिवादी कान्तुराम पनेरुलाई सोही ऐनको दफा २४ बमोजिम थप छ महिना कैद हुने ठहर्छ।साथै आरोप दावीमा उल्लिखित विभिन्न प्रतिवादीहरुको नाममा रहेका कि.नं.र सोबाट परिवर्तन भएका कित्ता जग्गाहरु समेत जफत भई महेन्द्रनगर नगर विकास समितिको नाउँमा कायम हुने ठहर्छ। अन्य **प्रतिवादीहरु मोहन देव भट्ट,हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु,गंगादत्त भट्ट, लाल बहादुर ओखेडा र हर्क नारायण जोशी, विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्ट समेतले उपरको** आरोपित कसुरमा संलग्नता पुष्टि हुन नआएकोले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ।	कुनै संस्थाले आफ्नो नाममा दर्ता रहेको जग्गा कुनै व्यक्ति विशेषको नाममा दर्ता गर्ने निर्णय भएको भनी निर्णय अनुसार जग्गाको दर्ता श्रेस्ता राख्ने सम्बन्धित मालपोत कार्यालयमा लेखिपठाएको अवस्थामा पत्रमा उल्लेख भए अनुसारको कार्य गर्नुपर्ने सम्बन्धित मालपोत कार्यालयका प्रमुख तथा कर्मचारीको पदीय दायित्व हुन्छ।जग्गा वितरण गर्ने निर्णय कानून बमोजिम भए/नभएको सम्बन्धमा विचार गर्नसक्ने अधिकार यी प्रतिवादीहरु विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्टमा भएको नदेखिंदा आरोपित कसुरमा यी प्रतिवादीहरुको संलग्नता पुष्टि हुन नआएकोले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ।	